काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १७५ | मंगलवार, २४ चैत, २०८२ | Tuesday, 7 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

सरकारी कार्यालयमा कर्मचारीको काम निगरानी गर्न राष्ट्रिय सतर्कता केन्द्र सक्रिय

काँक्रेविहार संवाददाता
काठमाडौं, २३ चैत

राष्ट्रिय सतर्कता केन्द्रले सरकारको शासकीय सुधारसम्बन्धी योजनाअनुसार सार्वजनिक सेवा प्रवाह भए,नभएकाबारे छड्के गर्न राजधानीबाहिर टोली खटाएको छ। सोमवारदेखि लागू भएको परिमार्जित कार्यालय समयको परिपालना र सेवा प्रवाहलाई चुस्त तुल्याउने उद्देश्यका साथ केन्द्रले काठमाडौं उपत्यकाबाहिर नौ जिल्लामा टोली खटाएको प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिए।

"आयोजनाको गतिविधि र सेवा प्रवाहमा निगरानी तथा छड्के गर्ने गरी सोमवारदेखि उपत्यकाबाहिर पनि केन्द्रका टोली खटिएका छन्," उनले भने, "केन्द्रमा प्राप्त उजुरी तथा गुनासो सम्बोधन गर्ने काम पनि तीव्र गतिमा भइरहेका छन्।" पछिल्लो समय दैनिक सेवा प्रवाहसँग जोडेर आएका गुनासा सम्बोधन गर्न केन्द्र सक्रिय र गतिशीलताका साथ लागिरहेको छ।

नेपाल सरकारले सोमवारदेखि लागू हुनेगरी कार्यालय समय बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म बनाएको छ। "सरकारको निर्णयलाई मध्यनजर गरेर सो अवधिमा समय पालना भएनभएको, कर्मचारीले तोकिएको कार्यकक्षमा बसेर कार्यसम्पादन गरे, नगरेको, सेवाग्राहीका काम समयमा सम्बोधन भए, नभएकाबारे अनुगमन भइरहेको छ," केन्द्रका सहसचिव भट्टले भने। कहींकतै ढिलासुस्ती भए, नभएका बारे केन्द्रले 'फाइल ट्र्याकिङ' समेत गरिरहेको छ। त्यस क्रममा भ्रष्टाचार र गलत कार्य भएको पाइएमा तत्काल सुधारका लागि निर्देशन दिने र भ्रष्टाचारसम्बन्धी काम भएको भेटिए अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखी पठाउने काम भइरहेको उनले जानकारी दिए।

सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा प्रवाहलाई सरलीकरण र सहजीकरण गर्ने वर्तमान सरकारको गति र उद्देश्यअनुसार आफ्नो सम्पूर्ण साधनस्रोत र जनशक्ति परिचालित गरिएको केन्द्रले जनाएको छ।

"दैनिक रुपमा उपत्यकामा परिचालन गरेका छौं। विभिन्न कार्यालय, मन्त्रालय, विभाग, सरकारी-सार्वजनिक निकायहरुमा अनुमगन, छड्के र निगरानी गर्ने, समय पालना भएरनभएको, फाइल अड्केको, सेवा प्रवाहमा कहींकसैले व्यवधान भोगेको छ कि, त्यसमा सहजीकरण र कारबाहीका लागि फिल्डबाटै लेखेर दिने दैनिक रुपमा चलिरहेको छ", प्रवक्ता भट्टले भने।

विकासमा निजी क्षेत्रको सक्रियता अपरिहार्य, मुख्यमन्त्री कँडेल

काँक्रेविहार संवाददाता
सुर्खेत, २३ चैत

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले प्रदेशको समग्र विकासका लागि निजी क्षेत्रको सक्रिय सहभागिता अपरिहार्य रहेको बताएका छन्। नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेशको नवौं प्रदेश सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले कर्णालीमा लगानीका प्रशस्त सम्भावना हुँदाहुँदै पनि अपेक्षित रूपमा निजी क्षेत्रको सहभागिता हुन नसकेको उल्लेख गरे।

कर्णाली प्राकृतिक स्रोत, कृषि, पर्यटन र जलस्रोतका दृष्टिले धनी प्रदेश भएको उल्लेख गर्दै उनले यिनै क्षेत्रलाई आधार बनाएर आर्थिक विकासको ढोका खोल्न सकिने धारणा राखे। कर्णालीमा अवसर धेरै छन्, तर ती अवसर पहिचान गरेर लगानी गर्न आवश्यक छ। उनले भने, निजी क्षेत्रले जोखिम लिन सके प्रदेशको आर्थिक समृद्धि सम्भव छ।

मुख्यमन्त्री कँडेलले अब परम्परागत रूपमा तयारी वस्तु बेच्ने प्रवृत्तिबाट बाहिर निस्केर उत्पादनमुखी अर्थतन्त्रतर्फ अग्रसर हुनुपर्नेमा जोड दिए। कर्णालीलाई समृद्ध बनाउन सरकार र निजी क्षेत्रबीच सहकार्य र एकता आवश्यक रहेको उनको भनाइ थियो।

कर्णाली सरकारले स्थानीय तहलाई अनुदान दिन प्रस्ताव माग्यो

काँक्रेविहार संवाददाता
सुर्खेत, २३ चैत

कर्णाली प्रदेश सरकारले स्थानीय तहहरुलाई दुई प्रकारका अनुदान दिन प्रस्ताव माग गरेको छ। स्थानीय तहबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रमका लागि समपूरक र विशेष अनुदान अन्तर्गत पुनः प्रस्ताव आह्वान गरेको हो।

प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रकाशन गरेको सूचनाअनुसार आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्ताव पेस गर्न आग्रह गरिएको छ। यसअघि माग गरिएका प्रस्ताव समयमै नपुगेका तथा आवश्यक मापदण्ड पूरा नगरेका कारण पुनः प्रस्ताव आह्वान गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार कर्णाली प्रदेश समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन सहित), २०७९ बमोजिम स्थानीय तहहरूले आयोजना प्रस्ताव तयार गरी पठाउनुपर्नेछ। इच्छुक स्थानीय तहहरूले आवश्यक कागजातसहित चैत मसान्तभित्र प्रस्ताव पेस गर्नुपर्ने उल्लेख छ। प्रस्तावहरू इमेल मार्फत पठाउन सकिनेछ, भने सम्बन्धित कार्यविधि तथा फाराम मन्त्रालयको वेबसाइटबाट डाउनलोड गर्न सकिने जनाइएको छ।

मन्त्रालयले निर्धारित मापदण्ड र समयसीमा भित्र प्रस्ताव पेस गर्न स्थानीय तहलाई आग्रह गरेको छ। प्रदेश सरकारले कर्णालीका १० जिल्लाका ७९ वटै स्थानीय तहमा कार्यान्वयन हुने १५७ वटा योजनाहरुको प्रस्ताव पेश गर्न अनुरोध गरेको छ। यसअघि पेश गरिएका प्रस्तावमा अपुग प्रक्रिया पुरा गरी फेरी प्रस्ताव पठाउन सुझाब दिइएको छ। प्रस्ताव यही चैत २८ गतेभित्र पठाइसक्नुपर्ने मन्त्रालयले जनाएको छ।

यस्ता अनुदान बिना धेरै स्थानीय तहले विकास योजना अगाडि बढाउन नसक्ने भएकाले समान विकास, सेवा विस्तार र स्थानीय अर्थतन्त्र बलियो बनाउन यस्ता अनुदान अपरिहार्य मानिन्छ। यसले स्थानीय तहको स्रोत अभाव पूर्ति गर्ने उल्लेख छ।

> *"मन्त्रालयले निर्धारित मापदण्ड र समयसीमा भित्र प्रस्ताव पेस गर्न स्थानीय तहलाई आग्रह गरेको छ । प्रदेश सरकारले कर्णालीका १० जिल्लाका ७९ वटै स्थानीय तहमा कार्यान्वयन हुने १५७ वटा योजनाहरुको प्रस्ताव पेश गर्न अनुरोध गरेको छ ।*

के हो समपूरक र विशेष अनुदान ?

समपूरक अनुदान भनेको निश्चित आयोजना वा विकास कार्यक्रमका निम्ति दिइने अनुदान हो। यसमा स्थानीय तह वा प्रदेशले यति रकम हामीसँग उपलब्ध छ। अब यति रकम केन्द्रले उपलब्ध गराइदेओस् भन्ने निवेदन गर्न सक्छन्। यसरी पूरकका रूपमा वा काउन्टरपार्ट फन्डका रूपमा उपलब्ध गराइने अनुदाननै समपूरक अनुदान हो। विशेष अनुदान भनेको विशेष कार्यक्रम सञ्चालनका लागि दिइने हो। उदाहरणका लागि अहिले कर्णाली क्षेत्रका लागि विशेष कार्यक्रम वा दलितका लागि विशेष कार्यक्रम हो। विशेष क्षेत्र, कार्यक्रम वा आयोजनालाई हेर्नका निम्ति यो विशेष अनुदान राखिएको छ। सशर्त अनुदान भनेको विषयगत अनुदान हो। वित्तीय आयोगको सूत्रका आधारमा शिक्षा, कृषि, स्वास्थ्यलगायत क्षेत्रमा तोकिए बमोजिम जाने अनुदान सशर्त अनुदान हो। खास क्षेत्रका खास शर्तका आधारमा यो अनुदान दिइन्छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ परिच्छेद-४ मा अनुदान सम्बन्धी व्यवस्था रहेको छ। ऐनको दफा १० अन्तर्गत समपूरक अनुदानको व्यवस्था रहेको छ। उपदफा १ मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

उपदफा २ : उपदफा १ बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरुलाई आधार बनाइनेछ : (क) योजनाको सम्भाव्यता (ख) योजनाको लागत (ग) योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ (घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति (ङ) योजनाको आश्यकता र प्राथमिकताबारे उल्लेख गरिएको छ।

भने उपदफा ३ : प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम समपूरक अनुदान प्रदान गर्न सक्नेछ। उपदफा ४ : उपदफा १ र ३ बमोजिमको समपूरक अनुदान कुनै योजनाको कुल लागतको अनुपातका आधारमा प्रदान गरिनेछ। भने उपदफा ५ : समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

यस्तै, ऐनको दफा ११ अन्तर्गत विशेष अनुदानको व्यवस्था रहेको छ। उपदफा १ : नेपाल सरकारले देहायको कुनै उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ। (क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ती गर्ने, (ख) अन्तर प्रदेश, अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने, (ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने उल्लेख छ।

यस्तै, उपदफा २ : प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम विशेष अनुदान प्रदान गर्न सक्नेछ। भने उपदफा ३ : विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने उल्लेख छ।

यस्तै, कर्णालीजस्ता पछाडि परेका क्षेत्रमा सडक, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा विस्तार गर्न अतिरिक्त सहयोग पुग्छ। भने समपूरक अनुदान विशेषगरी स्थानीय तह र प्रदेश सरकार मिलेर लगानी गर्ने योजनाका लागि दिइन्छ।

विशेषगरी कर्णाली जस्ता दुर्गम प्रदेशमा आफ्नै आम्दानी सीमित हुन्छ। ठूला आयोजना सञ्चालन गर्न आवश्यक बजेट पुग्दैन।

यस्तो अवस्थामा प्रदेश सरकारले दिने अनुदानले अधुरा योजना पूरा गर्न मद्दत गर्ने स्थानीय तहले जनाएका छन्।

भने विशेष अनुदान मार्फत सरकारले नीति अनुसार महत्वपूर्ण क्षेत्रहरू कृषि, रोजगारी, पर्यटन, महिला सशक्तिकरणमा लक्षित लगानी गरिन्छ। यसरी योजना कार्यान्वयन हुँदा निर्माण, सेवा र अन्य क्षेत्रमा स्थानीय स्तरमै रोजगारी सिर्जना भई आर्थिक गतिविधि बढाउने विज्ञहरु बताउँछन्।

कर्णालीमा नुनको अभाव कायमै

काँक्रेविहार संवाददाता,
हुम्ला, २३ चैत



हुम्लाका दक्षिणी क्षेत्रका ताँजाकोट र अदानचुली गाउँपालिकामा नुनको अभाव देखिएको छ। साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत ढुवानी अनुदानमा उपलब्ध गराइने नुन समयमै नपुगेपछि स्थानीय बासिन्दा समस्यामा परेका हुन्। ताँजाकोट गाउँपालिका-३ का स्थानीय भुल शाहीका अनुसार अघिल्लो वर्ष वितरण गरिएको नुन सकिइसकेको छ भने चालु वर्षका लागि छुट्याइएको नुन अझै ढुवानी हुन सकेको छैन।

उनले ढुवानीमा भएको ढिलाइका कारण गाउँमा नुनको अभाव भएको बताए। साल्ट ट्रेडिङबाट नुन उपलब्ध नभएपछि स्थानीय उपभोक्ताले बजारबाट महँगो मूल्यमा नुन किन्न बाध्य भएका छन्। अहिले बजारमा प्रतिकेजी करिब ४० रुपैयाँ तिरेर नुन खरिद गर्नुपरेको गुनासो स्थानीयले गरेका छन्। गत वर्ष भने प्रत्येक घरधुरीलाई ५० केजीका दरले नुन वितरण गरिएको थियो।

अदानचुली गाउँपालिकामा पनि यस्तै अवस्था देखिएको छ। गाउँपालिका-२ का जङ्ग रोकायाका अनुसार वर्षमा एक पटक पाइने अनुदानको नुन यस वर्ष हालसम्म नआउँदा दैनिक जीवनमा समस्या परेको छ। साल्ट ट्रेडिङ कर्पोरेसन हुम्लाका प्रमुख राजबहादुर लामाले ताँजाकोट गाउँपालिकाका लागि ४ सय ७९ क्विन्टल नुनको कोटा निर्धारण गरिएको जानकारी दिए।

तर हालसम्म ३ सय ४० क्विन्टल मात्र गाउँपालिका केन्द्रसम्म ढुवानी भएको उनले बताए। बाँकी नुन छिट्टै ढुवानी गर्ने तयारी भइरहेको सम्बन्धित निकायले जनाएको छ।

प्रदेश र स्थानीय तहका विज्ञापनमा प्रदेशकै सञ्चार माध्यमलाई प्राथमिकता दिइने

काँक्रेविहार संवाददाता
काठमाडौं, २३ चैत

कोशी प्रदेश सरकारले ल्याएको 'आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रदेश सभाबाट सर्वसम्मत रूपमा पारित भएको छ। विगतमा प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने र पत्रकारलाई भारी जरिवाना गर्ने भनिएका विवादित प्रावधानहरू परिमार्जन गर्दै विधेयक पारित गरिएको हो।

विधेयक पारित भएसँगै अब कोशी प्रदेशका सञ्चार माध्यमहरूको नियमनका साथै सञ्चारकर्मीहरूको क्षमता विकास, विज्ञापन वितरण, पत्रकार आचारसंहिता परिपालन र सञ्चार माध्यमहरूको सशक्तीकरणका लागि बाटो खुलेको छ।

यसका लागि एक स्वतन्त्र र स्वायत्त प्रकृतिको 'आमसञ्चार प्रतिष्ठान' गठन गरिने छ। प्रतिष्ठानले सञ्चारकर्मीहरूलाई तालिम, समानुपातिक विज्ञापन वितरण, मिडिया मर्जरका लागि प्रोत्साहन गर्नेलगायतका महत्त्वपूर्ण काम गर्ने छ।

पछिल्लो समय सूचना र विज्ञापन वितरणमा मिडियामैत्री वातावरण नहुँदा प्रादेशिक र स्थानीय स्तरका सञ्चारमाध्यमहरू बन्द हुने क्रम बढिरहेको थियो। सरकारले यसै कानुनमार्फत जीर्ण बन्दै गएको सञ्चार उद्यमहरूलाई संरक्षण गर्ने उद्देश्य राखेको छ। विधेयकमा प्रदेश र स्थानीय सरकारका सूचना तथा विज्ञापनमा प्रदेशकै सञ्चार माध्यमहरूको पहिलो अधिकार हुने सुनिश्चितता गरिएको छ।

सङ्घीय सरकारले सरकारी कोषबाट भुक्तानी हुने सबै सूचनाहरू सरकारी सञ्चार माध्यम (गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन, रासस)लाई मात्र दिने निर्णय गरी कार्यान्वयनमा ल्याएको केही दिनभित्रै कोशी प्रदेशले यस्तो व्यवस्था गर्नुलाई महत्त्वका साथ हेरिएको छ

प्रदेश र स्थानीय तहका सूचनामा प्रदेशकै सञ्चार माध्यमले प्राथमिकता पाउने व्यवस्थाका लागि नेपाल पत्रकार महासङ्घ कोशी प्रदेश र सम्बद्ध सञ्चार सङ्गठनहरूले विशेष जोड दिँदै आएका थिए।

नेपालको संविधानको मर्मविपरीत रहेका केही कडा दण्ड सजायका प्रावधानहरूलाई पनि सच्याइएको छ। संविधानको धारा ५ (राष्ट्रिय हित) र धारा १९ (सञ्चारको हक) मा उल्लेखित प्रतिबन्धात्मक वाक्यांशबाहेक अन्य कुनै पनि बहानामा समाचार प्रकाशन वा प्रसारणमा रोक लगाउन नमिल्ने गरी विधेयकलाई संशोधन गरिएको छ। यसअघिको मस्यौदामा २५ हजारदेखि १ लाख रुपियाँसम्म जरिवाना गर्ने प्रस्ताव गरिएकोमा त्यसलाई घटाएर ५ हजारदेखि २० हजार रुपियाँसम्म मात्र बनाइएको छ।

नयाँ व्यवस्था अनुसार 'आमसञ्चार प्रतिष्ठान' को प्रशासनिक नेतृत्व रजिष्ट्रारले गर्ने छन्। रजिष्ट्रारको पद निजामती सेवाको ९ औं तह सरह हुने व्यवस्था विधेयकमा गरिएको छ।

ओली र लेखकलाई बिहीबार रिहा गर्न सर्वोच्चको परमादेश

काँक्रेविहार संवाददाता
काठमाडौं, २३ चैत

सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई २६ चैतमा हिरासतमुक्त गर्न परमादेश दिएको छ। जिल्ला अदालत काठमाडौंबाट थपिएको पाँच दिनको म्याद समाप्त भएपछि २६ चैतमा हिरासतमुक्त गर्न परमादेश दिइएको हो।

सोमबार न्यायाधीश विनोद शर्मा र सुनिलकुमार पोखरेलको इजलासले बन्दी प्रत्यक्षीकरणको रिट खारेज गरेको छ। तर परमादेश जारी गर्दै अब म्याद नथप्न भनेको हो।

उनीहरूलाई २३-२४ भदौको जेन-जी आन्दोलनमा दमन गरेको आरोपमा १४ चैतमा प्रहरीले नियन्त्रणमा लिएको थियो।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

सजायमाथि सजायको अनुभुति नबनाऊ

कर्णाली प्रदेशका कारागारहरूको वर्तमान अवस्था केवल व्यवस्थापनको समस्या मात्र होइन, यो मानव अधिकार र न्याय प्रणालीकै गम्भीर प्रश्न बनेको छ । क्षमताभन्दा धेरै कैदीबन्दी राख्ने प्रवृत्तिले "सजायमाथि सजाय" दिने अवस्था सिर्जना गरिरहेको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेशले सार्वजनिक गरेको तथ्यांकअनुसार प्रदेशका कारागारहरूको क्षमता ६६० जना मात्र हुँदा हाल एक हजार ३६ जना कैदीबन्दी राखिएका छन् । जसमध्ये ९४२ पुरूष र ९४ महिला रहेका छन् । यसअनुसार कारागारको क्षमताभन्दा ३७६ जना बढी कैदीबन्दी राखिएको देखिएको छ । त्यसैगरी, जुम्ला र रूकुमपश्चिम जिल्लाबाट २६ जना कैदीबन्दी फरार रहेको पनि तथ्यांकमा उल्लेख छ । यो केवल संख्याको कुरा मात्रै होइन । यो प्रत्येक कैदीबन्दीको जीवनस्तर, स्वास्थ्य र अधिकारसँग प्रत्यक्ष जोडिएको विषय पनि हो । यसमा देशव्यापी अवस्था झनै चिन्ताजनक छ । देशभर कुल क्षमता करिब १६ हजार ९५६ हुँदा २५ हजारभन्दा बढी कैदीबन्दी राखिनु, कारागारहरू सुधारगृह नभई भीडभाडयुक्त थुनास्थलमा परिणत भएको स्पष्ट संकेत हो । यस्तो अवस्थामा कारागारभित्रको जीवन सजायको सीमाभन्दा बाहिर पुगेर पीडादायी बन्ने जोखिम रहन्छ ।

कारागार भनेको केवल अपराधीलाई थुन्ने ठाउँ मात्रै होइन । यो सुधार गर्ने स्थान पनि हो । तर, जब एउटै कोठामा क्षमताभन्दा धेरै मानिस कोचिन्छन्, त्यहाँ आधारभूत सुविधा, सरसफाइ, स्वास्थ्य सेवा र मानवीय व्यवहार सबै कमजोर बन्छन् । यसले कैदीबन्दीलाई अदालतले दिएको सजायभन्दा धेरै पीडा भोग्न बाध्य बनाउँछ । समस्या केवल भौतिक पूर्वाधारको अभावमा सीमित छैन । न्यायिक ढिलाइ अर्को ठूलो कारण हो । वर्षौंसम्म मुद्दा टुंगो नलाग्दा थुनुवाको संख्या बढ्दै जान्छ । अनुसन्धान ढिला हुनु, मुद्दा अदालतमा पेश गर्न समय लाग्नु र सुनुवाइ प्रक्रिया सुस्त हुनु जस्ता यी विविध कारणले कारागारमा थप चाप बढ्दै जान्छ । भने न्याय ढिलो हुनु भनेको अन्याय हुनु पनि हो भन्ने सिद्धान्त यहाँ प्रत्यक्ष लागू हुन्छ । यसका साथै वैकल्पिक सजाय प्रणालीको अभावले पनि समस्या जटिल बनाएको छ । सामान्य प्रकृतिका अपराधमा कैदको सट्टा जरिवाना, सामुदायिक सेवा वा पुनर्स्थापनामुखी उपाय अपनाउन सकिए कारागारको चाप उल्लेख्य रूपमा घटाउन सकिन्छ । तर यसतर्फ राज्यको पहल अझै अपर्याप्त देखिन्छ ।

कारागारभित्रको अर्को गम्भीर पाटो मानसिक स्वास्थ्य हो । भीडभाड, सीमित ठाउँ, पारिवारिक सम्पर्कको कमी र भविष्यप्रतिको अनिश्चितताले कैदीबन्दीमा तनाव, चिन्ता र त्रास बढाउने खतरा हुन्छ । यस्तो अवस्थामा मनोपरामर्श सेवा अनिवार्यजस्तै बन्न पुगेको छ । तर, अधिकांश कारागारमा यस्तो सेवा उपलब्ध छैन वा अत्यन्त न्यून छ । यस्तो अवस्थामा नियमित मनोपरामर्श सेवा उपलब्ध गराउनुपर्ने आवश्यकता औंल्याइएको छ । जब एउटै कोठामा क्षमताभन्दा धेरै कैदी कोचिन्छन्, त्यहाँ आधारभूत सुविधा अभाव हुन्छ । भने स्वास्थ्य र सरसफाइमा असर पर्ने विज्ञहरूको भनाइ छ । त्यो सजायभन्दा बढी पीडा बन्न जान्छ । यदि राज्यले कारागारलाई केवल थुन्ने ठाउँका रूपमा मात्र हेर्ने हो भने समस्या झन् गहिरिँदै जानेछ । सुधारगृहको अवधारणालाई व्यवहारमा लागू गर्न भौतिक पूर्वाधार विस्तार, नयाँ संरचना निर्माण, प्रभावकारी न्यायिक प्रक्रिया, वैकल्पिक सजाय प्रणाली र मानसिक स्वास्थ्य सेवाको सुनिश्चितता अनिवार्य छ । मानव अधिकार कागजमा लेखिएको शब्द मात्र नभई व्यवहारमा देखिनुपर्छ । कारागारभित्रको अवस्था सुधार नगरी मानव अधिकारको संरक्षणको दाबी गर्नु औपचारिकतामा सीमित रहन्छ । त्यसैले अब सजायलाई न्यायसम्म सीमित नराखौं । त्यसलाई पीडामा रूपान्तरण हुन नदिन कारागार व्यवस्थापन गरी कसैलाई पनि सजायमाथि सजायको अनुभुति हुन नदेऊ ।

नेपालको सवारी साधन क्षेत्र र आर्थिक आत्मनिर्भरताको नयाँ आधार



उच्च भोल्टेज विद्युतीय मर्मत, ब्याट्री विश्लेषण, उन्नत चालक सहायता प्रणाली क्यालिब्रेसन, चार्जर विस्तार, सवारी समूह निगरानी प्रणाली, र जडित सफ्टवेयर आधारित गतिशीलता प्रणाली जस्ता क्षेत्रमा ।

✍ दिपक थपलिया

नेपालको सवारी साधन क्षेत्र अब केवल गाडी आयात गरेर बिक्री गर्ने बजारमा सीमित छैन ।

यो सरकारी राजस्व, रोजगारी सिर्जना, ऊर्जा सुरक्षा, वैदेशिक मुद्रा संरक्षण, सञ्चार तथा सिर्जनात्मक अर्थतन्त्र, पर्यटन सेवाको गुणस्तर, र राष्ट्रिय प्रतिस्पर्धात्मकता लाई प्रत्यक्ष प्रभाव पार्ने रणनीतिक आर्थिक आधारको रूपमा विकसित भइसकेको छ ।

पछिल्ला केही वर्षमा नेपालले विद्युतीय सवारी साधनको प्रयोग र स्वीकार्यता मा विश्वस्तरमै उल्लेखनीय प्रगति गरेको छ । यसले एउटा महत्वपूर्ण तथ्य प्रमाणित गरेको छ – जब राजस्व नीति, जलविद्युत लाभ, बजार अर्थशास्त्र, र उपभोक्ताको स्वीकार्यता एउटै दिशामा मिल्छन्, तब क्षेत्रीय रूपान्तरण तीव्र गतिमा सम्भव हुन्छ ।

तर अबको नीति बहस केवल विद्युतीय सवारी बनाम इन्धन सवारी जस्तो सरल विभाजनमा सीमित हुनु हुँदैन ।

नेपालको भूगोल, चार्जिङ पूर्वाधार, लामो दूरीको यात्रा, राजस्व निरन्तरता, र औद्योगिक महत्वाकांक्षालाई हेर्दा सबभन्दा व्यावहारिक बाटो भनेको ७० प्रतिशत नयाँ ऊर्जा मार्गचित्र हो –

५० प्रतिशत ब्याट्री विद्युतीय सवारी (बिइभी)

२० प्रतिशत प्लग-इन हाइब्रिड / हाइब्रिड / रेन्ज-विस्तारक सवारी

३० प्रतिशत दक्ष इन्धन सवारी (आइसिई)

यो संरचनाले तीव्र विद्युतीयकरणलाई पनि अघि बढाउँछ र अल्पकालीन व्यावहारिकता तथा दीर्घकालीन आर्थिक लचिलोपन पनि जोगाउँछ ।

नेपाल सरकारका लागि सवारी साधन क्षेत्र अझै पनि सबभन्दा महत्वपूर्ण अप्रत्यक्ष राजस्व स्रोतहरू मध्ये एक हो । भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, दर्ता शुल्क, वार्षिक सडक कर, बीमा, वित्तीय सेवा शुल्क, मर्मत सेवा कर, तथा संस्थागत आयकर जस्ता धेरै तहबाट यसले राजस्व सिर्जना गर्छ ।

तर दीर्घकालीन लक्ष्य केवल प्रति गाडी धेरै कर हुनु हुँदैन । वास्तविक उद्देश्य हुनुपर्छ ।

स्वस्थ बजार परिमाण, सही प्रविधि मिश्रण, र दिगो राजस्व अनुकूलन

यदि नीति अत्यधिक विद्युतीय सवारी केन्द्रित भयो भने तत्काल राजस्वमा दबाब आउन सक्छ, जबकि अत्यधिक इन्धन सवारीमुखी नीति भए इन्धन आयात खर्च र वैदेशिक मुद्रा दबाब बढ्छ । त्यसैले सन्तुलित प्रविधि क्रमविकास नै नेपालको हितमा देखिन्छ ।

यस क्षेत्रको अर्को महत्वपूर्ण पक्ष भनेको यसको रोजगारी गुणक प्रभाव हो ।

एउटा गाडी बिक्री हुँदा केवल प्रदर्शनी कक्षको बिक्री प्रतिनिधि मात्र होइन, मर्मत प्राविधिक, ब्याट्री परीक्षण विशेषज्ञ, चार्जर जडानकर्ता, बडी तथा पेन्ट विशेषज्ञ, बीमा मूल्यांकनकर्ता, बैंक किस्ता टोली, ढुवानी व्यवस्थापक, टायर तथा सहायक सामग्री विक्रेता, तथा सवारी डेटा सफ्टवेयर टोली सम्म पूरा मूल्य शृंखलालामा रोजगारी सिर्जना हुन्छ ।

७० प्रतिशत नयाँ ऊर्जा मार्गचित्र ले अझ नयाँ प्रकारका दक्ष जनशक्तिको माग बढाउँछ–

उच्च भोल्टेज विद्युतीय मर्मत, ब्याट्री विश्लेषण, उन्नत चालक सहायता प्रणाली क्यालिब्रेसन, चार्जर विस्तार, सवारी समूह निगरानी प्रणाली, र जडित सफ्टवेयर आधारित गतिशीलता प्रणाली जस्ता क्षेत्रमा ।

यसले सवारी साधन क्षेत्रलाई नेपालको औपचारिक, अर्ध-औपचारिक, र डिजिटल रोजगारी संरचना को बलियो आधार बनाउँछ ।

यस क्षेत्रको कम चर्चा हुने तर अत्यन्त महत्वपूर्ण अर्को गुणक भनेको यसको सञ्चार, एजेन्सी, र सिर्जनात्मक अर्थतन्त्रमा फैलिने प्रभाव हो ।

हरेक नयाँ मोडेल सार्वजनिकरण, चाडपर्व योजना, एक्सचेन्ज योजना, परीक्षण यात्रा कार्यक्रम, सडक प्रदर्शनी, अनरसीप एक्सपिरियन्स वा नयाँ मोडेल अनावरणले पत्रपत्रिका, टेलिभिजन, एफएम, डिजिटल पोर्टल, जनसम्पर्क संस्था, कार्यक्रम व्यवस्थापन कम्पनी, निर्माण गृह, फोटोग्राफर, भिडियो टोली, डिजिटल बजार प्रवर्द्धन कम्पनी, युट्युब समीक्षक, टिकटक व्याख्याकार, तथा इन्स्टाग्राम सिर्जनाकर्ता सबैलाई आर्थिक माग दिन्छ ।

आजको डिजिटल अर्थतन्त्रमा भन्नुपर्दा हरेक गाडी बिक्रीले सामग्री मूल्य, सञ्चार मूल्य, र सिर्जनात्मक जिडिपी उत्पादन पनि सिर्जना गर्छ । यो युवा रोजगारी र डिजिटल सिर्जनात्मक आम्दानी प्रणालीका लागि महत्वपूर्ण वृद्धि चालक हो ।

संयोजन उद्योगः आत्मनिर्भरता र सीप विकासको अर्को ठूलो अवसर

अब नेपालको सवारीसाधन दृष्टिकोणको अर्को महत्वपूर्ण चरण भनेको सवारी एसेम्ब्ल उद्योगतर्फको क्रमिक विकास हो ।

यदि नेपालले ७० प्रतिशत नयाँ ऊर्जामा आधारित माग संरचना लाई सही औद्योगिक नीतिसँग जोड्न सक्यो भने, आयात बजारबाट क्रमशः पार्टपुर्जा संयोजन आधारित उद्योग प्रणाली तर्फ जान सकिन्छ । यहींबाट वास्तविक आत्मसशक्तीकरण सुरू हुन्छ ।

संयोजन उद्योगले केवल लागत दक्षता होइन, राष्ट्रिय उत्पादन क्षमता निर्माणको आधार तयार गर्छ ।

यसबाट विकास हुने मुख्य क्षेत्रहरूः

- प्राविधिक जनशक्ति विशेषज्ञता
- विद्युतीय ब्याट्री प्याक व्यवस्थापन
- विद्युतीय तार जडान प्रणाली संयोजन
- गुणस्तर परीक्षण प्रणाली
- प्लास्टिक, सिट, ट्रिम, सिसा, र टायर आपूर्तिकर्ता सञ्जाल
- चार्जिङ हार्डवेयर उप-संयोजन
- सफ्टवेयर परीक्षण तथा निदान सहयोग

यसले नेपाली युवालाई उच्च मूल्ययुक्त प्राविधिक सीप विकासको अवसर दिन्छ । आज आयातकर्तामा सीमित कार्यबल भोलि उत्पादनमुखी प्राविधिक, गुणस्तर इन्जिनियर, प्रक्रिया सुपरभाइजर, ब्याट्री सुरक्षा विशेषज्ञ, रोबोटिक्स तथा इलेक्ट्रोनिक समायोजन विशेषज्ञ मा रूपान्तरण हुन सक्छ ।

त्यसभन्दा पनि महत्वपूर्ण, संयोजन उद्योगबाट बहु-तह औद्योगिक विकासका सम्भावना खुल्छन् ।

पहिलो तहमा सवारी संयोजन ।

दोस्रो तहमा स्थानीय आपूर्तिकर्ता विकास ।

तेस्रो तहमा पार्टपुर्जा उद्योग प्रणाली ।

र दीर्घकालमा क्षेत्रीय निर्यात क्षमता सम्मको सम्भावना निर्माण हुन्छ ।

यसले सवारीसाधन क्षेत्रलाई केवल व्यापारिक व्यवसायबाट निकालेर औद्योगिक क्षमता निर्माणको आधार मा रूपान्तरण गर्न सक्छ ।

नेपालको जलविद्युत लाभ, बढ्दो विद्युतीय सवारी माग, दक्ष युवा जनशक्ति, र रणनीतिक भौगोलिक अवस्थिति हेर्दा संयोजनमा आधारित वृद्धि भविष्यको महत्वपूर्ण स्तम्भ बन्न सक्छ ।

ऊर्जा सुरक्षाको दृष्टिकोणले पनि यो मार्गचित्र अझ शक्तिशाली छ । नेपालले ठूलो मात्रामा पेट्रोलियम आयात गर्ने भएकाले यातायात क्षेत्रले सिधै वैदेशिक मुद्रा सञ्चिति मा असर पार्छ ।

तर हाम्रो संरचनात्मक बल भनेको अधिशेष जलविद्युत उत्पादन हो ।

इन्धन सवारीबाट नयाँ ऊर्जा सवारीतर्फ हुने रूपान्तरणले आयातीत तेलको मागलाई घरेलु विद्युत मागमा बदल्छ ।

यसले इन्धन आयात घटाउँछ । चालु खाता सुधार गर्छ । नेपाल विद्युत प्राधिकरणको माग बढाउँछ । तेल मूल्य अस्थिरताको जोखिम घटाउँछ । सहरी वायु गुणस्तर सुधार गर्छ ।

यातायात नीति भन्दा धेरै ठूलो आर्थिक राष्ट्रकला

नेपालको सवारीसाधन क्षेत्रलाई अब केवल करयोग्य आयात वर्गको रूपमा मात्र होइन, राजस्व इन्जिन, रोजगारी गुणक, ऊर्जा रणनीति, सिर्जनात्मक अर्थतन्त्र उत्प्रेरक, र भविष्यको औद्योगिकीकरणको आधारका रूपमा बुझिनुपर्छ ।

- ५० प्रतिशत बिइभी + २० प्रतिशत नयाँ ऊर्जा + ३० प्रतिशत आइसिई सवारी भएको ।
- ७० प्रतिशत नयाँ ऊर्जा मार्गचित्रले नेपाललाई सन्तुलित संक्रमण दिन्छ ।

अन्ततः नेपालको मार्गदर्शक सिद्धान्त स्पष्ट हुनुपर्छ– विद्युतीकरण, सन्तुलित संक्रमण, राजस्व निरन्तरता, र क्रमिक औद्योगिक आत्मनिर्भरता ।

यो केवल सवारी साधन नीति होइन– यो आधुनिक नेपालको आर्थिक राष्ट्रकला र औद्योगिक भविष्यको मार्गनक्शा हो ।

फराकिलो छाती भएका रवि- बनाउँदैछन् राजनेताको छवि



✍ महेन्द्र पौडेल

राजनेता हुनका लागि ठूलाठूला आदर्शका कुरा गर्नुपर्दैन । मार्क्स र माओका विचार बोकेर सुँगा रटाई गरेर राजनेता भइँदैन । राजनेता हुनका लागि दूर दृष्टि जसले भविष्य कस्तो हुनुपर्छ स्पष्ट सोच भएको । इमानदारी र साहस कठिन निर्णय लिन सक्ने र त्यो निर्णयमा अडिग हुन सक्ने ।

जनताको दुःख बुझ्न सक्ने, गरिब, पीडित र कमजोरको पक्षमा उभिन सक्ने । राम्रो बोलाई कम शब्दमा ठूलो सन्देश दिन सक्ने, धैर्य संयम र एकता गराउन सक्ने क्षमता । विभाजन होइन, जोड्ने नेता यति साधारण कुराबाट राजनेता भइन्छ । र, उसले गर्ने सांकेतिक कर्म भनेको न्यायको लागि जेल जान तयार हुनु, राज्यको नियम र कानुनलाई सघाउनु, यसले जनतालाई के प्रभाव पार्छ भन्ने कुरा स्पष्ट छ, राजनेताले ठूलाठूला भाषण गर्दैनन्, सांकेतिक प्रयोग गर्छन् ।

जसरी महात्मा गान्धीलाई थाहा भयो, त्यति बेला ब्रिटिस सरकारले भारतबाट कपास लगेर बेलायतमा कपडा बनाउँथ्यो र त्यो भारतमै बेच्थ्यो । गान्धी देशका गाउँ गाउँ डुल्दा थाहा भयो गरिब किसान मजदुरसँग पुरा कपडा किन्ने सामर्थ्य छैन । दक्षिण अफ्रिकामा टाइसुटमा वकालत गरेका गान्धीले जनतालाई बेलायतका वा विदेशी कपडा नकिनौं भनेनन् उनले आफूले लगाउने कपडा नै छाडिदिए ।

जबसम्म गरिब मानिसले पुरा कपडा लगाउन पाउँदैनन् म पनि धेरै कपडा लगाउँदिन । उनले अडान लिए र एउटा केवल धोतीमा हिँडे । यो त हाम्रै छिमेकी भारतको कुरा हो जुन कुरा हाम्रा पुस्तालाई भन्दा पनि हामीभन्दा अघिका पुस्तालाई थाहै छ जसले प्रजातन्त्र प्राप्तिपछि पनि ३५ वर्षसम्म यो देशको राजकाज चलाए ।

रविको आजको कर्मको इतिहास भविष्यमा स्वर्ण अक्षरले लेखिनेछ । कसैले चाहेर पनि वा नचाहेर पनि घण्टी निर्वाचन आयोगको तालिकामा पहिलो नम्बरमा आयो । चाहेर पनि नचाहेर पनि अब रास्वपाको संस्थापक सभापति लामिछाने, कम्युनिस्ट पार्टीका संस्थापक, पुष्पलाल, काँग्रेसका बीपी, मात्रिकाको लाइनमा पुगिसके । उनको फोटो पार्टी कार्यालयमा पहिलो लाइनमा रह्यो ।

राजनेताका भनाइ र गराइ पनि अनौठो हुन्छ २७ वर्षसम्म जेल बसेर मेलमिलाप रोजे नेल्सन मण्डेलाले । बाराक ओबामाले भनेका छन् परिवर्तन कसैले ल्याउँदैन हामी आफैंले ल्याउने हो । विस्टन चर्चिलले भनेका छन् राष्ट्रको लागि दिन मसँग रगत, पसिना, आँसु र मेहनतबाहेक केही छैन । प्रेंकलिंक रुजबेल्टले भनेका छन् हामीले सबैभन्दा बढी डराउनुपर्ने डर आफैंसँग हो । जोनअफ केनेडीले भनेका छन् देशले तिमीलाई के दियो नसोच देशलाई तिमीले के दियौं त्यो सोच ।

यी सबै कुरा भन्नुको अर्थ राजनेता आकाशबाट आउँदैन, हामीबिच, हाम्रै माटोबाट हाम्रै,हाम्रै समाजबाट जन्मन्छ र जन्मिँदो रहेछ अवसर सबैले पाएका हुन तर त्यो अवसरलाई मानव कल्याणका लागि प्रयोग गरियो भने राजनेता भइँदो रहेछ । यहाँ मान्छे मठमन्दिर, जप,तप, ध्यान गर्दै भगवानसँग सम्बन्ध जोड्न चाहन्छ तर उसले बिर्सन्छ मान्छेले मान्छेसँगको सम्बन्ध तोडेर उसले भगवानसँग सम्बन्ध जोड्न सक्दैन ।

हजारौं पत्रकार र पत्रकारिता क्षेत्रभित्र रवीन्द्र मिश्रले भनेजस्तो परोपकारी पत्रकारिता विगत १२ वर्षदेखि गर्दै आइरहे रवि लामिछाने । कुवेत इराक र खाडीमा मृत्युदण्ड पाएका दर्जनौंलाई ब्लड मनी जोहो गरेर उद्धार गरे भने, फँसेका सयौं नागरिकलाई पत्रकारिताका बलमा नेपाल भिकाए । हजारौंको उद्धार गरेका कारण उनी हरेक नेपालीका मनमा बस्न पुगे । निर्वाचनताका होस् वा नहोस् उनलाई हेर्न, देख्न र भेट्न लाखौंको जनसागर उर्लन्छ । यो मौका सबैले पाएका हुन तर अरुले अवसरलाई आफ्नो लागि प्रयोग गरे रविले अरुका लागि फरक यही हो राजनेता र नेतामा ।

रवि लामिछानेलाई अनागरिक बनाइयो । ०७९ को आमनिर्वाचन - मा । उनको नागरिकता खारेजीमा थियो भने किन दर्ता गरियो? लाखौं जनताले भोटले जितेर उनी उपप्रधान तथा गृहमन्त्री भएपछि पद खोसियो । फेरि नागरिकता लिए । सोही क्षेत्रबाट चुनाव लडे र फेरि जिते र गृहमन्त्री बने ।

यहाँनेर युरोप अमेरिकामा हुन्थ्यो भने जनतालाई दिएको सास्ती, राज्यले दुई पटक गर्नुपरेको निर्वाचन, समयमै छानबिन नगर्दा परेको भार यी कुरा सम्बन्धित निकाय निर्वाचन आयोग र त्यसका पदाधिकारीमाथि छानबिन हुन्थ्यो तर नेपालमा भएन । त्यति हुँदा पनि लामिछानेले सहर्ष स्वीकार गरे गल्ती र कमजोरी । दोहोरो नागरिक अहिले अधिकांश नेपालीका हातमा छ कतिले कानुन बुझेकै छैनन्, लामिछानेले केसले धेरैलाई कानुन बुझ्न अवसर दियो ।

जब उनलाई सहकारी ठगी वा विभिन्न आरोप लगाइयो, यद्यपि यो अदालतमा विचाराधीन छ । तर पनि उनले म कुनै प्रश्न र अनुसन्धान वा परीक्षणबाट भाग्दिन भनेका छन् । सँगसँगै एक सामान्य जीवनबाट आएको मान्छे हुँ कमजोरी धेरै छन् र गल्ती नगर्ने प्रयास गरिरहन्छु भन्नुको अर्थ उनी मान्छे हुन् भगवान् होइनन् भन्ने स्पष्ट छ । पद गुमाउँदा आक्रोशित देखिएनन् ।

उनले निर्वाचनताका भनेका भनाइहरूले राजनेताको छनक दिन्छ । रविले भन्दै आए जस्तो कि परिवर्तनका लागि केवल भावना होइन ठूलो जनसमर्थन र संगठन चाहिन्छ । व्यवस्था फाल्न होइन सुधार्न राजनीतिमा आएको हुँ । यी भनाइले पनि समकालीन नेताभन्दा माथि देखिन्छन् । छोटो समयकै लागि गृहमन्त्री हुँदा राजनीतिक पहुँचका आधारमा सरुवा बढुवालाई निस्तेज गरे, प्रमाणका आधारमा अनुसन्धान गर्ने अभिप्रेरित गरे । संघ प्रदेशबीच समन्वय ल्याउन गृह मन्त्रालयमा डिजिटल प्रणाली बनाए ।

यद्यपि यतिखेर उनमा आएको परिवर्तन संयमता, साहस र जिम्मेवारले भविष्यमा हामीले रविलाई राजनेताका रूपमा पाउनेछौं । यो दुइतिहाइको मतको भार यदि पुराना पार्टीले लिन्थे भने कस्तो घमन्ड हुन्थ्यो होला आम मानिसले भनिरहेका कुरा हुन् रविमा त्यो छैन ।

पुराना दलभन्दा फरक राजनीतिक सन्देश दिएर नयाँ पुस्तालाई आकर्षित गरे । बालेन एउटा असन्तुष्ट युवापुस्ताका प्रतीकका रूपमा थिए । बालेनलाई पार्टी सदस्यतासमेत नदिइकन पार्टीमा वरिष्ठ पद दिएर चुनावमा होमिए । बालेनलाई प्रधानमन्त्रीका रूपमा उभ्याएर आफू छायामा बसे । त्यो पूरा गरे । बालेनप्रति खुल्ला समर्थन गरेर ठूलो छाती देखाए ।

विपद् व्यवस्थापनमा दश वर्षदेखि काम गर्दै आएको एउटा गोरखाको युवा, जसले जेन-जी आन्दोलनमा मृत्युको प्रवाह नगरी आन्दोलनमा साथ दियो । उसैलाई गृहमन्त्री बनाउन सहमति गरे । कसैलाई लाग्दैनथ्यो कि सुधनले राम्रो गर्लान् । इतिहास साक्षी छ । आजको गतिविधि भोलीको इतिहासले लेख्नेछ । एउटा देशको प्रहरी प्रमुख वर्तमान गृहमन्त्रीअघि धुरुधुरु रुनु भनेको त्यो गृहमन्त्रीलाई विश्वास गर्नु हो ।

हाम्रो भावना र मन तिमीले बुझ्यौ भनेर रुनु हो । सुधन गुरूङ इतिहासकै सक्षम र सबल गृहमन्त्री दरिने तरखरमा छन् । उनले जनताका भाषा अत्यन्तै तल्लो सीपाहीका भाषा बोलेका छन् । सीपाहीसँगै रात काटेको उनीसँग अनुभव रहेछ । सिक्न जो सँगबाट पनि हुन्छ । वर्तमान काँग्रेस एमालेका नेताले सुधन गुरुङबाट सिक्दा हुन्छ । जनताको नेता कस्ता हुन्छन् भन्ने कुरा । नेताको योग्यता जेल बसेर पुग्छ भन्ने मानसिकताबाट उठ्न जरुरी छ । रवि मैन हुन्, आफू जल्न तयार भएर उज्यालो छर्ने काममा तल्लीन छन् । यहाँ बहस रवि लामिछाने राजनेता हुन् वा होइनन् भन्दा पनि राजनेतामा हुनुपर्ने गुण लामिछानेमा रहेछ त्यो के भने, उनी जनतासँग सीधा बोल्ने क्षमता छ । अहिलेका कुनै पनि नेता सुरक्षाकर्मीबिना हिँड्न सक्दैनन् जनतामा पुग्न सक्दैनन् तर लामिछानेले सक्छन् अन्याय विरुद्ध बोल्ने साहस, नयाँ पुस्तालाई राजनीतिमा ल्याउन क्षमता, पुराना दलप्रति निराश युवालाई परिवर्तन सम्भव छ ।

सूचनाको हक कार्यान्वयनमा जोड



❐ काँक्रेविहार संवाददाता
सल्यान, २३ चैत

सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनका लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन्। नागरिकलाई समयमै, सही र सहज रूपमा सूचना उपलब्ध गराउनु राज्यका निकायहरूको प्रमुख दायित्व भएको उनीहरूको धारणा छ।

जिल्ला हुलाक कार्यालय सल्यानको आयोजना तथा जिल्ला प्रशासन कार्यालय सल्यानको समन्वयमा आयोजित "सूचनाको हक कार्यान्वयन सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम" मा सहभागीहरूले सूचनाको हक बिना पारदर्शिता र जवाफदेहिता सम्भव नहुने बताएका हुन्। सार्वजनिक निकायबाट सूचना प्रवाहमा हुने ढिलासुस्ती वा बेवास्ताले नागरिकको विश्वास कमजोर बनाउने भएकाले यसतर्फ विशेष ध्यान दिनुपर्नेमा उनीहरूले जोड दिएका छन्।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाले सूचनाको हक प्रत्येक नागरिकको संवैधानिक अधिकार भएको उल्लेख गर्दै यसको प्रभावकारिता लोकतान्त्रिक शासन प्रणालीका लागि महत्वपूर्ण रहेको बताए। उनले नागरिकले सहज रूपमा सूचना प्राप्त गर्न सक्ने वातावरण निर्माण गर्नु सबै सार्वजनिक निकायहरूको दायित्व भएको स्पष्ट पारे।

त्यसैगरी, जिल्ला हुलाक कार्यालय सल्यानका हुलाक अधिकृत चिन्तामणि रेग्मीले सूचनाको हक सम्बन्धी कानुनी व्यवस्था, सूचना प्राप्त गर्ने प्रक्रिया र सार्वजनिक निकायहरूको जिम्मेवारीबारे जानकारी गराए। उनका अनुसार समयमै र विश्वसनीय सूचना उपलब्ध गराउँदा नागरिकका गुनासा घट्ने र सरकारी निकायप्रति विश्वास बढ्ने गर्दछ।

कार्यक्रममा सामुदायिक रेडियो प्रसारक संघ (अकोर्याप) कर्णाली प्रदेशका अध्यक्ष प्रतिक इच्छुक शर्माले सूचना दिने निकाय र माग गर्ने नागरिकबीच समन्वय अभाव रहेको उल्लेख गरे। उनले सामान्य रूपमा दिन सकिने सूचनामा समेत ढिलाइ गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्ने आवश्यकता औंल्याए।

नेपाल पत्रकार महासंघ सल्यानका कोषाध्यक्ष खकेन्द्र केसीले पछिल्लो समय सूचना प्रवाहमा केही सुधार आएको भए पनि पूर्ण पारदर्शिता कायम गर्न अझै प्रयास आवश्यक रहेको बताए। उनले सञ्चारमाध्यमको सक्रियताले सूचना सार्वजनिक गर्ने संस्कृतिमा सकारात्मक परिवर्तन ल्याएको धारणा राखे। कार्यक्रममा जिल्लाका विभिन्न स्थानीय तहका सूचना अधिकारी, सरकारी कार्यालयका प्रतिनिधि तथा पत्रकारहरूको उल्लेख्य सहभागिता रहेको थियो।

बजेट यथार्थपरक र कार्यान्वयनमुखी बनाइने छः मुख्यमन्त्री आचार्य

❐ काँक्रेविहार संवाददाता
बुटवल, २३ चैत

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी आर्थिक वर्षको बजेट प्रदेशको वास्तविक अवस्था अनुसार तयार गरिने बताएका छन्।

सोमबार राप्ती उपत्यका (देउखुरी) मा आयोजित संसदीय बजेट कार्यालय सम्बन्धी छलफल कार्यक्रममा बोल्दै उहाँले बजेटलाई यथार्थपरक र कार्यान्वयन मुखी बनाउने प्रतिबद्धता व्यक्त गरे।

हाम्रो अवस्था जे छ, त्यही आधारमा बजेट ल्याउँछौ। अघिल्लो वर्ष प्राविधिक कारणले त्रुटि भएको थियो, अबको बजेट वास्तविकतामा आधारित हुनेछ, उनले भने। मुख्यमन्त्री आचार्यका अनुसार आयोजना बैंकमार्फत सिफारिस भएका योजनामात्र बजेटमा समावेश गरिनेछ।

योजना छनोट प्रक्रियामा प्रणालीगत सुधार आवश्यक रहेको उल्लेख गर्दै उनले योजना बैंकमार्फत योजना छनोट गर्ने परिपाटी विकास गरिने बताए।



कार्यक्रममा प्रदेश सभा सभामुख तुलाराम घर्तीमगरले बजेट तर्जुमा प्रक्रियालाई वस्तुगत र प्रभावकारी बनाउन पहल भइरहेको जानकारी दिए। त्यसैगरी प्रदेश सभा सचिव दुर्लभकुमार पुन मगर, उपसचिव लोकमणी पाण्डे तथा अर्थशास्त्री एवं पूर्व योजना आयोग सदस्य डा. सुदनकुमार वलीले बजेट प्रणाली, चुनौती र सुधारका उपायबारे प्रस्तुति गरे।

छलफलमा संसदीय बजेट कार्यालय (एद्यइ) स्थापना आवश्यक रहेकोमा जोड दिइयो। प्रदेश सभा सदस्यलाई बजेटको भाषा, संरचना, प्रभाव र औचित्य बुझ्न सहयोग गर्ने संयन्त्रका रूपमा एद्यइ स्थापना गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका छन्। कार्यक्रममा बजेट विश्लेषण तथा निगरानी संयन्त्रलाई संस्थागत गर्ने, वित्तीय पारदर्शिता र उत्तरदायित्व सुदृढ गर्ने, बजेट अनुशासन सुधार गर्ने लगायतका नीतिगत सुझावहरू प्रस्तुत गरिए।

साथै, लैङ्गिक तथा सामाजिक समावेशीता, जलवायु उत्तरदायित्व, वित्तीय समन्वय, तथ्याङ्क प्रणाली तथा बजेट साक्षरतामा विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याइएको छ। सभामुख तुलाराम घर्तीमगरको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य उपसभामुख मेनुका खाँड केसीले व्यक्त गर्नुभएको थियो भने सहजीकरण उपसचिव लोकमणी पाण्डेले गरेका थिए।

सूर्यतारा सिमेन्ट उद्योग पुनः निर्माणमा आयो

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २३ चैत

लामो समयदेखि रोकिएको सूर्यतारा सिमेन्ट उद्योगको निर्माण कार्य पुनः अघि बढ्ने भएको छ। यसअघि सरकारबाट आवश्यक सहयोग नपाएको भन्दै रोकिएको आयोजना अहिले भने नयाँ सरकारप्रति आशा राख्दै पुनः सक्रिय बनाइएको हो। सूर्यतारा इन्भेस्टमेन्ट कम्पनीका अध्यक्ष मुकुन्दप्रसाद तिमिल्सेनाका अनुसार प्रदेश सरकारले लगानीमैत्री वातावरण निर्माण नगर्दा आयोजनाले विभिन्न चुनौती सामना गर्नुपरेको थियो।

यद्यपि, हालको सरकारसँग सहकार्यको अपेक्षा राख्दै निर्माण कार्य अघि बढाइएको उनले जानकारी दिए। उद्योगका लागि आवश्यक विद्युत, खानेपानी र पहुँच मार्गजस्ता आधारभूत पूर्वाधार अभावकै कारण काम रोकिएको थियो। अब प्रदेश सरकारले यस्ता पूर्वाधार निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा ठूला उद्योग सञ्चालनका लागि पूर्वाधार विकासमा सहयोग गर्ने उल्लेख गरेको छ।

सोहीअनुसार बजेट विनियोजन गरी उद्योग निर्माणलाई गति दिने योजना रहेको छ। यसैबीच, खानीजन्य पदार्थ ढुवानीका लागि १० किलोमिटर सडक निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। बराहताल गाउँपालिका-७ को लखरपाटादेखि मदन भण्डारी राजमार्गको खम्बागाडेसम्म सडक निर्माण भइरहेको छ, जसका लागि ५० लाख रुपैयाँ बजेट छुट्याइएको छ।

विस्तृत परियोजना प्रतिवेदन (डि.डि.आर) अनुसार उक्त सडक निर्माणको अनुमानित लागत १ अर्ब २० करोड रुपैयाँ रहेको छ। ट्यार्क खोल्ने, नाला, पर्खाल, कल्भर्ट र ग्राभेलसम्मका काम भइरहेको जनाइएको छ। उद्योग सञ्चालनका लागि करिब १५ अर्ब रुपैयाँ लगानी आवश्यक पर्ने बताइएको छ, जसमा लगानी बोर्डले १४ अर्ब २७ करोड ५० लाख रुपैयाँ स्वीकृत गरिसकेको छ। उद्योगले बराहताल-७ को लखरपाटामा ९५ हजार हेक्टर क्षेत्रबाट चुनढुंगा उत्खनन गर्ने र चौकुने गाउँपालिकामा ४२ बिघा जमिनमा उद्योग स्थापना गर्ने योजना बनाएको छ। अब निर्माण कार्य अघि बढेसँगै थप लगानी जुटाउने प्रक्रिया पनि सुरु गरिने कम्पनीले जनाएको छ। ठूलो परियोजना भएकाले बाह्य लगानी समेत आकर्षित गर्ने योजना रहेको छ।

सहज बन्दै सरकारी सेवा, बिचौलियाको भागाभाग

❐ काँक्रेविहार संवाददाता
धनगढी, २३ चैत

नयाँ सरकार गठन भएपछि कैलाली र बैतडीका सरकारी कार्यालयमा सेवा प्रवाहमा सुधार आएको छ। मालपोत, नापी, यातायात, जिल्ला प्रशासन र आन्तरिक राजस्व कार्यालय लगायतका सेवाग्राही बढी आउने कार्यालयमा अहिले काम छिटो, सहज र पारदर्शी हुँदै गएको छ।

सेवाग्राहीहरूले बताए अनुसार फाइल अड्काउने, ढिलासुस्ती हुने र कर्मचारीको खराब व्यवहार जस्ता समस्या हटेका छन्। धनगढी उपमहानगरपालिका-१८ का शेरबहादुर पौडेलले भने, अहिले काम फटाफट र सहज तरिकाले भइरहेको छ। धनगढी उपमहानगरपालिका-१ का लक्ष्मणबाबु नेपाली र गौरीगङ्गा नगरपालिकाका हिक्मत धामीले पनि सरकारी सेवा सहज भएको अनुभव व्यक्त गरे। बैतडीका कार्यालयबाट सेवा लिने पनि बिचौलियामुक्त सेवा पाएर छिटो काम सम्पन्न भएको बताइएको छ।

जिल्ला प्रशासन कार्यालय बैतडीले सरकारी सेवा बिचौलिया मुक्त बनाउन तीव्र पहल गरेको छ। प्रशासनले सूचना जारी गर्दै सेवाग्राहीलाई सहयोगको नाममा गैरकानुनी रकम असुल भएमा कानुनी कारबाही हुने चेतावनी दिएको छ।

सार्वजनिक सेवा अझ छिटो, सहज र निःशुल्क बनाउने उद्देश्यले सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिइएको छ।

भूकम्प प्रभावित संस्था पुनर्निर्माण

❐ काँक्रेविहार संवाददाता
जाजरकोट, २३ चैत

भूकम्पबाट प्रभावित सल्यानका विभिन्न क्षेत्रमा पूर्वाधार विकास कार्यालयले विद्यालय र स्वास्थ्य संस्थाको पुनर्निर्माण सम्पन्न गरेको छ। करिब तीन करोड रुपैयाँको लागतमा चार वटा विद्यालय र दुई वटा स्वास्थ्य संस्था पुनःनिर्माण गरिएका हुन्।

कार्यालयका प्रमुख इन्जिनियर नवीन थापाका अनुसार दार्मा गाउँपालिका-५ स्थित अन्धनाशक आधारभूत विद्यालय, दार्मा-४ को लाखुरीडाँडास्थित कालिका आधारभूत विद्यालय, शारदा नगरपालिका-८ तल्लो मार्केको जनकल्याण आधारभूत विद्यालय तथा सिद्धकुमाख गाउँपालिका-४ को सागिने विद्यालय पुनर्निर्माण गरिएको छ। नयाँ संरचना निर्माण भएसँगै स्थानीय तहमा शिक्षा सेवा सञ्चालन सहज भएको छ। कालिका आधारभूत विद्यालयका शिक्षक कृष्ण बस्नेतले भूकम्पपछि जीर्ण बनेको भवनका कारण पठनपाठन प्रभावित भएको उल्लेख गर्दै नयाँ भवन निर्माणले कक्षा सञ्चालन सहज भएको बताए।

त्यस्तै, कुमाख गाउँपालिकाको गुरुदासे स्वास्थ्य एकाइ र बागचौर नगरपालिकाको



सोटागार स्वास्थ्य सेवा केन्द्र पनि पुनर्निर्माण गरिएको छ। पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी सिद्धार्थ मिश्रका अनुसार भूकम्पबाट क्षतिग्रस्त संरचनालाई प्राथमिकतामा राख्दै तीव्र गतिमा पुनर्निर्माण कार्य सम्पन्न गरिएको हो। स्थानीयलाई तत्काल सेवा उपलब्ध गराउने लक्ष्यसहित शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिइएको उनले बताए।

भूकम्पपछि पुनर्निर्माण गरिएका संरचनाले स्थानीय बासिन्दालाई सेवा लिन सहज बनाएको छ। कार्यालयले आगामी दिनमा पनि प्रभावित क्षेत्रमा आवश्यक पूर्वाधार पुनर्स्थापना गर्दै सेवा प्रवाहलाई निरन्तरता दिने जनाएको छ। जिल्ला विपत् व्यवस्थापन समितिका अनुसार २०८० कात्तिक १७ गते राति गएको जाजरकोट भूकम्पले सल्यानमा चार हजार तिन सय ६४ घरमा क्षति पुऱ्याएको थियो।

तीमध्ये सबैभन्दा बढी दार्मा गाउँपालिकामा चार हजार ८१ घर प्रभावित भएका थिए। साथै बागचौर नगरपालिकामा एक सय ५४, कुमाख गाउँपालिकामा एक सय २४ र त्रिवेणी गाउँपालिकामा १२ घरमा क्षति पुगेको तथ्याङ्क रहेको छ।

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
जुम्ला
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेे निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
नौमूले, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेे निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

फोरजी सेवा विस्तार, टावर स्तरोन्नतिको माग



काँक्रेविहार संवाददाता
डोल्पा, २३ चैत

हिमाली जिल्ला डोल्पाका विभिन्न स्थानमा नेपाल टेलिकमको फोरजी सेवा विस्तार तथा टावर स्तरोन्नतिको माग गरिएको छ। सोमबार प्रतिनिधि सभा सदस्य तथा पूर्वमन्त्री धनबहादुर बुढाले काठमाडौं स्थित भद्रकालीमा रहेको नेपाल टेलिकमको केन्द्रीय कार्यालय पुगेर सेवा सुधारको मागसहित ध्यानाकर्षण गराएका हुन्।

सांसद बुढासँगै डोल्पोबुद्ध गाउँपालिकाका उपाध्यक्ष पेम्मा धोर्चे गुरुङले महानिर्देशकसमक्ष जिल्लाका विभिन्न स्थानीय तहमा रहेका टावरहरूमा फोरजी सेवा विस्तार, रिपिटर टावर जडान तथा भएका टावरहरूको स्तरोन्नति गर्न माग गरेका छन्।

सांसद बुढाका अनुसार वर्षौंदेखि भरपर्दो सञ्चार सेवा नहुँदा जिल्लावासी आधारभूत सेवाबाट वञ्चित हुँदै आएका छन्।

स्थानीयको यही समस्यालाई मध्यनजर गर्दै सञ्चार सेवा सुधारका लागि पहल गरिएको उनले बताए। मागपत्रमा ठूलीभेरी नगरपालिकाका वडा नं.एक देखी ११ सम्म रिपिटर टावर जडान गर्नुपर्ने उल्लेख गरिएको छ।

त्यस्तै त्रिपुरासुन्दरी नगरपालिकाका वडा नं. तिन देखि ११ सम्म फोरजी सेवा विस्तार गर्न माग गरिएको छ। काइके गाउँपालिकाको वडा नं. एक (कोला), छार्का ताङसोङ गाउँपालिका, डोल्पोबुद्ध गाउँपालिकाको फाल क्षेत्र तथा शे-फोक्सुण्डो गाउँपालिकाका विभिन्न स्थानमा पनि फोरजी सेवा सञ्चालनसहित टावर स्तरोन्नति आवश्यक रहेको बताइएको छ।

यसैगरी मुड्केचुला र जगदुल्ला गाउँपालिकामा कम भोल्टेजका कारण सेवा अवरुद्ध हुने समस्या देखिएको भन्दै ती क्षेत्रमा पनि टावर स्तरोन्नति र फोरजी सेवा सञ्चालन गर्न माग गरिएको छ। सांसद बुढाले जिल्लाभर रहेका अन्य टावरका प्राविधिक समस्या र सेवा अवरोधबारे जानकारी गराउँदै शीघ्र समाधानका लागि आग्रह गरेका छन्।

दुर्गम क्षेत्रमा सञ्चार सेवा कमजोर हुँदा शिक्षा, स्वास्थ्य र सुरक्षाजस्ता आधारभूत क्षेत्रमा समेत प्रत्यक्ष असर परेको उनले बताए। डोल्पाका स्थानीयवासीले लामो समयदेखि प्रभावकारी दूरसञ्चार सेवा विस्तार गरी डिजिटल पहुँच सुनिश्चित गर्न सरोकारवालासँग माग गर्दै आएका छन्। अझै पनि जिल्लाका अधिकांश स्थानमा भरपर्दो सञ्चार सेवा पुग्न नसकेको अवस्था रहेको छ।

सरकारी विज्ञापन निजी मिडियालाई नदिने निर्णयविरुद्ध सर्वोच्चमा रिट दायर

काँक्रेविहार संवाददाता
काठमाडौं, २३ चैत

सरकारी विज्ञापन नीजि मिडियालाई नदिने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको छ।

नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सर्वोच्च अदालतमा सो रिट निवेदन पेश गरेका हुन्। सोसाइटी राष्ट्रिय दैनिक लगायतका प्रमुख संचार माध्यमका प्रकाशकहरुको संस्था हो। दर्ता भई सो मुद्दाको प्रारम्भिक सुनुवाई भोलीलाई तोकिएको छ।

सरकारी विज्ञापन नीजि मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्धेश्य राखेको आरोप लगाउँदै मिडिया सोसाइटीले उक्त निर्णयलाई सर्वोच्च अदालतमा चुनौति दिएको अधिवक्ता लुइँटेलले जानकारी दिए।

चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु संचारमाध्यममार्फत प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सो अन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका संचार माध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र समेत गरेको थियो।

विज्ञापनको निर्णय गैरकानुनी तथा संविधान विपरितको भई सम्पूर्ण चौथो अंगलाई नै तवाही मचाउने कार्य भईआएको भन्दै मिडिया सोसाइटीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्ने निर्णय गरी अधिवक्ता लुईंटेललाई मुद्दा गर्न अख्तियारीसमेत दिएको हो। रिटमा चौथो अंगको विरोध सार्वजनिक भइसकेको र चौथो अंग आतंकित भइसकेको समेत उल्लेख छ। सरकारको सो निर्णय विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक निस्तेज बनाउने कार्य भएको रिटमा जिकिर गरिएको छ। रिटमा सरकारको निर्णय तथा परिपत्र नेपालको संविधानको धारा १३३, (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्धारा बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्चयाउने, कुनैपनि तवरले कमजोर बनाउने कार्य नगनू नगराउनू भनी प्रतिषेध मिश्रित परमादेश माग गरिएको छ।

सैनिक सम्मेलन सम्पन्न, सहयोग सामग्री वितरण

काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, २३ चैत

रुकुमपश्चिम स्थित नेपाली सेनाको चण्डीदल गणमा भूतपूर्व सैनिक सम्मेलन २०८२ सम्पन्न भएको छ। रुकुमपश्चिम र रुकुमपूर्वका भूतपूर्व सैनिकहरूको सहभागितामा सम्मेलन आयोजना गरिएको हो।

श्री नं. १९ बाहिनीका सहायक बाहिनिपति अनिल उपाध्यायको प्रमुख उपस्थितिमा सम्पन्न कार्यक्रममा भूतपूर्व सैनिक परिवारका अशक्त सदस्यहरूलाई सहायक सामग्री वितरण गरिएको छ।

यस क्रममा चार जना परिवारलाई आवश्यक सामग्री हस्तान्तरण गरिएको हो।

चण्डीदल गणका अनुसार रुकुमपश्चिमको मुसीकोट नगरपालिका-३ निवासी भूतपूर्व सैनिक हरिबहादुर पुन, रुकुमपूर्वको सिस्ने गाउँपालिका-५ निवासी तिलकबहादुर शाहका छोरा महेन्द्र शाह, सोही क्षेत्रका मानबहादुर बोहरा र पुथा उत्तरगंगा गाउँपालिका-१२ निवासी चंखबहादुर बुढा मगरका छोरा मोनिकर्ण बुढा मगरलाई सामग्री प्रदान गरिएको हो।

उनीहरूलाई क्रमशः एल्बो क्रचेज, ह्विलचेयर, बैशाखी र सेतो छडी उपलब्ध गराइएको छ। सम्मेलनमा रुकुमपश्चिमका ७९ र रुकुमपूर्वका २४ गरी कुल १ सय ३ जना भूतपूर्व सैनिकहरूको सहभागिता रहेको थियो। कार्यक्रममा सहभागीहरूलाई सम्झनास्वरूप टोपी, मफलर, झोला र मण्डी प्रदान गरिएको थियो भने पेन्सन लिइरहेका भूतपूर्व सैनिक तथा पारिवारिक निवृत्तिभरणमा रहेका व्यक्तिहरूलाई भ्रमण भत्तासहित बिदाइ गरिएको छ।

सम्मेलनका क्रममा सहायक बाहिनिपति अनिल उपाध्याय, चण्डीदल गणका गणपति प्रमुख सेनानी बिनिश श्रेष्ठ र भूतपूर्व सैनिकहरूबीच अन्तरक्रिया कार्यक्रम पनि सम्पन्न भयो। सो अवसरमा उपाध्यायले नेपाली सेनाको इतिहास, वर्तमान अवस्था र भूतपूर्व सैनिकहरूको योगदानबारे चर्चा गरेका थिए।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री संगता रावत धनी रहेको, दर्ता नम्बर ७३७४/०७७/०७८ बाट वीरेन्द्रनगर-५, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री समिर नास्ता पसल नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालै निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
दल्ली, जाजरकोट
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालै निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)